# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी

प.सं.:-आ.प्र.शा.१।२०७५।०७६ मितिः-
२०७०।०२।२० २०७६।२।२०

सूचना प्रकाशित मिति २०७६।०२।२० गते

## पशु हाट वजार ठेक्का लगाउने सूचना

जलेश्वर न.पा.वा.नं. १ स्थित बरुणसर पोखरीको डिलमा लाग्ने सोमवार तथा विहिवारका दिन लाग्ने पशु हाट वजार सेवा शुल्क संकलन गर्न आ.व.२०७६।०७७ को २०७६ साल श्रावण १ गते देखि २०७७ साल आषाढ मसान्त सम्मका लागि ठेक्का वन्दोवस्त गनेुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक महानुभावहरुले निम्न शर्तको बन्देजमा रही टिकट वापत रु.१०।- नगदै संलग्न राखि सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धीत सवैको जानकारीको लागि यो प्रथम पटक ३० दिने सूचना प्रकाशित गरिएको छ ।

## पशु हाट बजार सेबा शुल्क दरवन्दी :-

(क) बाख्रा, खसी, भेडा, बोका आदि विक्रि गर्ने संग सैकडा रु. १।-
(ख) बाख्रा, खसी, भेडा, बोका आदि खरिद गर्ने संग सैकडा रु. १।-

१. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको र फर्म , संघ ,संस्थाको हकमा २०७५
साल आषाढ मसान्त सम्मको लागि नविकरण भएको प्रमाणहरुको प्रमाणित प्रतिलिपि साथ निवेदन तथा पछि फिर्ता नहुनेगरी रु.३,०००।- बुझाई यो सुचना प्रकाशित मिति देखि ३० औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको कर उपशाखावाट वोलपत्र खरिद गर्न सकिनेछ
।

२. बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा प्रष्टरुपमा भर्नुपर्ने छ । अंक र अक्षरमा फरक
पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३ यस कार्यालयवाट ठेक्का पट्टा वा अन्य बक्यौता बुझाउन वाँकी रहेका बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिने छैन । त्यस्तो बोलपत्र यस कार्यालयमा दर्ता हुन गएमा स्वतः बदर हुनेछ ।

४. धरौटी वापत नेपाली नागरिक वा फर्म, संघ संस्था भए कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा.बा.बैक जलेश्वरमा रहको धरौटी खाता नं.१२७०३०३००७१०२ खातामा जम्मा गरेको सक्कल भौचर सिलवन्दी वोलपत्र साथ संलग्न गर्नुपर्ने छ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक बाट जारी भएको वोल कवोल जमानी पत्र सिलबन्दी वालेपत्र साथ संलग्न गर्नु पर्ने छ र धरौटी वापतको नगद्र रकमलाई मान्यता दिईनेछैन ।

प्रमुख प्रशासकीय अधिकृत

५. व्यक्ती फर्म वा संस्थाको नामवाट खरिद भएको दरभाउपत्र अरु व्यक्ति , फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन । त्यस्तो बोलपत्र पेश भै दर्ता हुन गएमा पनि स्वतः बदर हुनेछ ।

६. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित मिति देखि ३१ औ दिन को १२ बजे यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । उक्त बोलपत्रहरु ३१ औ दिन दिनको २.०० बजे बोलपत्र दाता वा निजको वारेसहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको वारेसहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने काम रोकिने छैन । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनकोसोही समयमा खरिद तथा दाखिला गर्न सकिने छ ।

७. ठेक्का स्विकृत भएपछि ठेक अंकको कुल रकमको नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त बैकको कम्तीमा ६ महिना म्याद भएको परफरमेन्स बौन्ड वा नगदै कुलरकम यस नगरपालिका कार्यालयमा बुझाई सकेपछि कवुलियत पट्टा गराई चलन पुर्जि दिने कार्य हुनेछ ।

८. स्वीकृत ठेक अंकलाई २ किस्तामा बुझाउनु पर्नै गरी दुई किस्ता कायम गरिनेछ । चलन
पुर्जि लिनु अधि पहिलो किस्ता र तोकिएको मितिमा दोश्रो किस्ता बुझाउनु पर्नेछ । तोकिएको मितिमा किस्ता नबुझाएमा यस कार्यालयले व्याज सहित असुल गर्न वा नियमानुसार ठेक्का नै रद्द गर्न सक्नेछ ।

९. ठेक्का सम्वन्धी दैवी प्रकोप वा अन्य मानवीय एवं प्राकृतिक कारणवाट हुने हानी नोक्सानी
को जिम्मेवारी यस कार्यालयको नभै स्वयं ठेकदारको हुनेछ ।स्वीकृत ठेक अंक मा वन्द, हरताल आदि जस्ता कारणवाट कुनै पनि छुट वा मिनहाको दावी गर्न पाईनेछैन ।

१०. ठेक्का संग सम्वन्धित काममा लाग्ने सरकारी कर, दस्तुर आदि ठेकदार स्वंयले नै बुझाउनु
पर्नेछ र ठेक्का अवधि सम्पन्न भएपछि कर हिसाव चुक्ताको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता दिईनेछ

११. सम्पूर्ण किस्ता रकम एक मुष्ट बुझाएमा औचित्य हेरि बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

१२. ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. रित नपुगी , म्याद नाघी तथा शर्त राखि पेश हुन आएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

१४. पशु हाट बजार क्षेत्र भन्नाले वरुणशर पोखरीको पूर्व दक्षिण कुनाको २०० मिटर Diameter
क्षेत्र
हुनेछ ।

१४. यस सम्वन्धी अन्य कुरा बुझन आवश्यक भएमा यस कार्यालयको लेखा शाखा तथा कर उपशाखामा कार्यालय समय भित्र बुझन सकिनेछ ।

१६. यस सूचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१७. न्यूनतम अंक रु.२२,७१,०००।- ( वाईस लाख एकहतर हजार मात्र )

जलेश्वर नगरपालिका
कार्यपालिका को कार्यालय
महोत्तरी
नं प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

..............................